# नेपाल राजपत्र


नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, मंसिर २९ गते, २०८२ साल (संख्या ४९


## भाग ५

## निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले संवत् २०८२ साल फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि संवत् २०८२ साल मङ्सिर ५ गतेसम्म नामावली सङ्कलन भई संवत् २०८२ साल फागुन २० गतेसम्ममा अठार वर्ष उमेर पूरा हुने व्यक्तिको नाम मतदाता नामावली ऐन, २०७३ को दफा ६ को खण्ड (ख) बमोजिम मतदाता नामावलीमा दर्ता गर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

निर्वाचन आयोगले मतदाता नामावली ऐन, २०७३ को दफा १३, १४, १५, १६, १७ र १८ बमोजिम देहायको मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम प्रकाशन गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८२/०८/२१ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८२/०८/२१ | २०८२/०८/२६ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका | २०८२/०८/२१ | २०८२/०८/२६ | निर्वाचन कार्यालय |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | | | |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८२/०८/२१ | २०८२/०८/२९ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबिन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८२/८/२९ | २०८२/०९/०२ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भएमा सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०८२/०९/०३ | २०८२/०९/०६ | निर्वाचन कार्यालय र वडा कार्यालय |

**आज्ञाले,**
**माहादेव पन्थ**
**सचिव ।**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।